

# १० सुसमाचारको मर्म अनुसार जीउनु

*यस अध्यायका मूल पदहरू:* रोमी ८:२०-२३, यूहन्ना ३:१६,१७, मत्ती ९:३६, एफिसी २:८-१०, १ यूहन्ना ३:१६,१७ र प्रकाश १४:६,७।

*यस अध्यायका मूल सार पद:* **"८ यो थाहा पाउन् कि अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार वा मुक्ति पाएका छौ, र यो तिमीहरू आफैबाट होइन अर्थात् तिमीहरूको प्रयासद्वारा होइन, यो त परमेश्वरको वरदान वा उपहार हो। ९ तिमीहरूको धर्मकर्महरूद्वारा तिमीहरूले मुक्ति पाएको होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी ती बमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।" (एफिसी २:८-१० रूपान्तरित)।**

जब हामी परमेश्वरका आज्ञाहरू र आवश्यक निर्देशनहरू पालन गर्नुपर्छ भनेर चर्चा गर्छौं तब हाम्रो मनमा एउटा असजिलो सोच घुस्दछ। मुक्ति त सित्तैंमा पाइने होइन? त्यसो भए किन आज्ञा पालन गर्ने र? के यो उपहार होइन र? हामीहरूको असल कामले मुक्ति आर्जन गर्न सक्छौं वा मुक्तिको निम्ति हामीले केही न केही गर्नुपर्छ ताकि हामी परमेश्वरको अनुग्रह वा कृपा पाउँछौं भन्ने धारणा येशूले सित्तैं दिने मुक्तिको उपहारको संदेशसँग बाझिएन र? हामी पापी हौं र क्रुसमा हाम्रो सट्टा येशू मर्नुभएकोले परमेश्वरबाट अनुग्रह पाएर हामीले मुक्ति पाउँछौं भन्ने ठोकुवा बाइबलमा बारम्बार उल्लेख गरिएको छ। हाम्रो मुक्तिको निम्ति उहाँले सम्पन्न गर्नुभएको सम्पूर्णतामा हामीले के थप्न सक्छौं र? एलेन जी ह्वाइटले यसरी जिकिर गरि लेख्नुभएको छ: "यदि तपाईंले मानिसमा भएका सबै असल, पवित्र, आदर्श जीवन र प्रेमहरूलाई जम्मा गर्नुभयो रे! मुक्तिको योजनामा त्यस मानिसको धर्मकर्म वा असल कामले गर्दा त्यो मानिस मुक्ति पाउन योग्यको छ भनेर परमेश्वरका स्वर्गदूतहरूको

सामु पेश गर्नुभयो भने त्यसलाई परमेश्वरको योजनाको षडयन्त्रपूर्वक विद्रोह गरेको भनेर त्यस प्रस्तावलाई अस्वीकार गरिनेछ।"-फेथ एण्ड वर्कस्, पृ. २४बाट रूपान्तरित।

त्यस परिवेशमा हामीहरूको कुनै पनि दया, करुणा र परोपकारका कामहरूलाई विधिवादको सिद्धान्त अपनाएर मुक्ति पाउने भन्ने धारणलाई मनमा खेलाउनुपनि परमेश्वरको सामु अमान्य हुन जान्छ। तर त्यसको बिपरीत जब परमेश्वरले हाम्रो निम्ति उपलब्ध गराउनुभएको मुक्तिको बारेमा सराहना गर्छौं र त्यसको बारेमा झन झन ज्ञान बढाउँछौं तब परमेश्वरको प्रेम र गरिब, विपन्नवर्ग र पीडितहरूप्रति उहाँको चासो गाँसिएको छ भन्ने आत्मज्ञान पाउँछौं। अनि उहाँको प्रेमको भागिदार भएर परमेश्वरको त्यस चासोलाई हामीले के गर्ने भन्ने चुनौति हाम्रो दिमागमा चक्कर लगाउन थाल्छ। हामीले पाएको कारणले स्वःत हामी पनि दिने हुन्छौं। जब परमेश्वरले हामीलाई कस्तो प्रेम गर्नुभयो भनेर हामी महसुस गर्छौं र अनुभव गर्छौं तब उहाँले हामीलाई मात्र होइन अरूलाई पनि त्यतिक्कै प्रेम गर्नुहुन्छ भन्ने कुरा हामी स्वीकार्न वाध्य हुन्छौं र यदी हामी उहाँका भक्त हौं भने अरूलाई पनि उहाँले जस्तै प्रेम गर्न हामीबाट अपेक्षा गरिएको हुन्छ।

## १ "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो..."

"परमेश्वरले संसारलाई यस्तो धेरै प्रेम गर्नुभयो..." भनेर यूहन्ना ३:१६ले भन्दछ। सुरूमा लेखिएको पृथ्वी भन्ने शब्द ग्रीक शब्द हो जसलाई कसमोस kosmos भनिन्छ। त्यसको अर्थ "त्यो पृथ्वी हो जुन सृष्टि गरिएको वा संस्थागत वस्तु"-एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ. ९२९बाट रूपान्तरित। यस पदले पतित मानव प्राणीको मुक्तिको बारेमा बताउँछ तर मुक्तिको योजनाले सारा ब्रम्हान्ड वा सृष्टिलाई पनि इङ्गित गर्दछ।

**मुक्तिको योजना केवल यस पृथ्वीका मानव प्राणीलाई मात्र तयार गरिएको होइन। शैतानको कदमले सारा जगतलाई प्रभावित पारेको छ। त्यसकारण मुक्तिको योजना केवल यस पृथ्वीको मात्र नभएर अपार जगतलाई पनि लक्षित गरिएको छ भनेर पावलले देहायका पदहरूमा कसरी उल्लेख गरेका छन्? हेर्नुहोस्ः "१८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतीक्षा गर्छ। २० सृष्टि**

व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ। २२ हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ। २३ सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं। २४ किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं। अब देखिनेचाहिँ आशा त आशा नै होइन। किनकि देखेका कुराको आशा कसले गर्छ र? २५ तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतीक्षा गर्छौं।" (रोमी ८:१८-२५)।

एक तहमा हेर्ने हो भने मुक्ति भनेको हामी प्रत्येक मानव प्राणीको निम्ति हो र त्यो हाम्रो प्रभुसँगको हाम्रो व्यक्तिगत सम्बन्धमा भरपर्दछ। त्यसपछि अर्को तहलाई पनि हेर्नुपर्छ। निर्दोष ठहरिनु भनेको केवल हामीहरूको पाप क्षमामात्र होइन। स्पष्टरूपमा भन्ने हो भने येशू र पवित्र आत्माको शक्तिले प्रभुले सृजनुभएको परमेश्वरको परिवारमा विश्वासी समावेश हुनु हो। त्यसको अर्थ मुक्तिको निश्चयता पाएर हामी क्षमा पाएकाछौं भनेर खुशियाली मनाउने हो। त्यो खुशियाली संसारलाई बाँड्नु पर्छ तर मुखलेमात्र होइन असल कामहरूद्वारा पनि।

यूहन्ना ३:१६,१७ पढ्नुहोस्। यूहन्ना ३:१७ले १६पदलाई कसरी फराकिलो पाराले व्याख्या गर्दछ? हेर्नुहोस्: "१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।"

परमेश्वरले केवल येशूलाई विश्वास गर्ने हामीलाई मात्र होइन अरूलाई पनि हो भनेर हामीले स्वीकार्नुपर्दछ। जसलाई हामी प्रेम गर्छौं तिनीहरूलाई परमेश्वरले पनि प्रेम गर्नुहुन्छ। त्यो हाम्रो निम्ति खुशीको कुरो हो। जुन मानिसहरूलाई हामी सम्पर्क गर्छौं तिनीहरूलाई पनि परमेश्वरले प्रेम गर्नुहुन्छ। यो सत्यलाई हामीले त्यसबेला महसुस गर्छौं जब हामी पनि हामीहरूकै इच्छाले तिनीहरूकहाँ पुग्न अभिप्रेरित हुन्छौं। तर हामीले

मननपराएका वा हामीले असजिलो मानेका वा डर मानेका मानिसहरूलाई पनि उहाँले प्रेम गर्नुहुन्छ। परमेश्वरले सबै मानिसहरू र सबै ठाउँका मानिसहरूलाई प्रेम गर्नुहुन्छ। विभिन्न कारणले हामीले कतिपय मानिसहरूलाई मन पराउँदैनौं होला। तर तिनीहरूलाई पनि परमेश्वरले प्रेम गर्नुहुन्छ।

परमेश्वरले सारा मानव प्राणीलाई प्रेम गर्नुहुन्छ भनेर देखाउने एउटा माध्यम सृष्टि पनि हो। हाम्रो वरिपरि रहेका प्राकृतिक पृथ्वीले परमेश्वर असल हुनुहुन्छ, सबैलाई बराबरी माया गर्नुहुन्छ भनेर देखाउँदछः "उहाँले दुष्टको लागि पनि असलको लागि पनि घाम दिनु हुन्छ, र धर्मीको लागि पनि अधर्मीको लागि पनि  आकाशबाट पानी वर्षाउनुहुन्छ" (मत्ती ५:४५ रूपान्तरित)। हामीले पाएको जीवन पनि परमेश्वरको उपहार हो। व्यक्तिगत मानिसले जे भनेतापनि वा आफ्नो जीवनप्रति जस्तो धारणा राखेतापनि वा परमेश्वरप्रति उसको मनिस्थिति जे जस्तो भएतापनि यस संसारमा जन्मेका प्रत्येक मानिसलाई परमेश्वरले जीवनको उपहार दिनुभएको छ। (त्यस जीवनलाई के गर्ने त्यो उसको उपहार परमेश्वरलाई हो-अनुवादकको थप जिज्ञासा)।

**सारा मानिसहरूलाई परमेश्वरले सृष्टि र प्रेम गर्नुभएको छ भन्ने आत्मज्ञानलाई हामीले स्वीकार्‍यौं भने जुनसुकै परिस्थितिमा पनि हाम्रो मन कसरी परिवर्तन हुन्थ्यो होला?**

## २. करुणा र पश्चाताप

मुक्तिको योजना र, शैतान र येशूको बीचमा भइरहेको महान् द्वन्द्वका कथाहरूले एउटा आत्मिक सत्यलाई स्वीकार गर्न हामीलाई आह्वान गरिएको छ। यस संसार र हामीहरूको बारेमा बुझ्ने आधार नै त्यही सत्य हो। त्यो होः हामी र हाम्रो संसार पापले गर्दा पतित भएका छन्, हाम्रो जीवनको विभिन्न पक्षमा चिरा परेका छन् र पापले गर्दा हामीहरूका जीवन प्रदुषित भएका छन्। अहिलेको संसार सृष्टि गरिएको संसार जस्तो होइन। हामीमा हामीलाई सृष्टि गर्नुहुने परमेश्वरको स्वरुप अझै सुन्दर भएतापनि हामी अझै पनि चिरा परेको संसारको भाग हौं। संसारमा भइरहेका दुःख, कष्ट, पीडा, दवाउने र शोषण गर्ने प्रवृत्ति हाम्रो जीवनमा पापको स्वभावले रजाइँ गर्दा र दुष्टताले नै सर्वव्यापी हुन गएको छ।

त्यसकारण हामी कुनै कठपुतली नभएको तर जीवित मानिस भएको कारणले हाम्रो संसार र हामीहरूको वरिपरि घटिरहेको वियोग र दुष्ट्याइँप्रति

हाम्रो चित्त फाट्नु वा दुख्नु, असजिलो र दुःख लाग्नु स्वभाविक हो। यस संसारमा भएका जीवनको पीडालाई आँखा चिम्लिएर बस्यौं भने हामी रोबोट वा यान्त्रिक मानव झैं हुन्छौं। भजन संग्रहमा व्यक्त गरिएको शोकहरू, यर्मिया र अरू अगमवक्ताहरूका पुस्तकमा व्यक्त गरिएका अगमवक्ताका दुःख, र येशूका करुणा र उहाँका आँशुहरूले यस संसारको परिस्थितिलाई देखाएको छ। यस संसार र त्यसमा भएका दुष्ट्याईं वा खराब तत्वहरू र विशेष गरेर पाप र अधर्मले गर्दा मानिस जातिमा ल्याइएका दुःख, कष्ट, पीडाप्रति जुनसुकै मानव प्राणीले पनि दुःख तथा अपशोच मान्नु स्वाभाविकै मान्नुपर्छ।

**देहायका पदहरू हेर्नुहोस्। ती प्रत्येक पदले येशूको हृदय दया, करुणा र अपसोचले हल्लेका थिए भनेर कसरी देखाउँछ? हाम्रा वरिपरि रहेका बिसङ्गति, दुःख, पीडा, अन्याय, अत्याचारप्रति करूणा व्यक्त गर्न र संवेदनशील हुन हामीहरूको हृदयलाई कसरी कमलो बनाउने? हेर्नुहोस्ः मत्ती ९:३५-३८ "३५ येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो। *३६ तर भीड़हरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालाविनाका भेड़ाहरूजस्तै हैरान र असहाय भएका थिए।* ३७ तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। ३८ यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्।", मत्ती १४:१३-१६ "१३ जब येशूले यो सुन्नुभयो उहाँ डुङ्गामा चढ़ी त्यहाँबाट अलग्गै एउटा एकान्त ठाउँमा जानुभयो। यो सुनेपछि भीड़ले सहरहरूबाट पैदलै उहाँलाई पछ्यायो। १४ *किनार पुगेर त्यस ठूलो भीड़लाई देखी उहाँले तिनीहरूलाई टिठ्याउनुभयो वा उहाँको हृदय करुणाले हल्लियो, र तिनीहरूका बिरामीहरूलाई निको पारिदिनुभयो*। १५ साँझ परेपछि चेलाहरू यसो भन्दै उहाँकहाँ आए, "यो निर्जन ठाउँ छ, र दिन ढलिसक्यो। भीड़लाई बिदा दिनुहोस्, र यिनीहरूले गाउँ-गाउँमा गएर आफ्ना लागि खानेकुरा किनून्।" १६ तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिनीहरूलाई जानु आवश्यक छैन। तिमीहरूले नै यिनीहरूलाई खान देओ।", लूका १९:३९-४४ "३९ अनि भीड़का कुनै कुनै फरिसीहरूले उहाँलाई भने, "हे गुरु, तपाईंका चेलाहरूलाई (उहाँको प्रशंसा गरेकोमा) हप्काउनुहोस्।" ४० तर उहाँले भन्नुभयो, "म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे भने ढुङ्गाहरू नै कराउनेछन्।" *४१ जब येशू नजिकै आइपुग्नुभयो र सहरलाई देख्नुभयो, उहाँ***

*त्यसको निम्ति रुनुभयो, ४२ “शान्ति कुन कुराले ल्याउँछ भनेर तैंले आज पनि*
*जानेको भए हुनेथियो! तर अब तेरो दृष्टिबाट त्यो लुकेको छ।* **४३ किनकि**
**तँमाथि यस्ता दिन आउनेछन्, जब तेरा शत्रुहरूले तेरो वरिपरि मोर्चा बाँधेर घेरा**
**हाल्नेछन्, र सबैतिरबाट तँलाई थुनिराख्नेछन्। ४४ तिनीहरूले तँलाई र तँभित्र**
**वास गर्ने तेरा सन्तानलाई जमिनमा पछार्नेछन्, र एउटा ढुङ्गामाथि अर्को ढुङ्गा पनि**
**छोडिनेछैन। किनकि तैंले आफूमाथि भएको परमेश्वरको कृपा-दृष्टिको समयलाई**
**चिन्न सकिनस्।” र युहन्ना ११:३२-३६ "३२ जब मरियम येशू हुनुभएको**
**ठाउँमा आइन् र उहाँलाई देखिन्, तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, “हे**
**प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन।” ३३ जब येशूले तिनलाई**
**रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि रोइरहेका देख्नुभयो, तब उहाँ**
**आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो। ३४ उहाँले**
**तिनीहरूलाई सोध्नुभयो, “तिमीहरूले तिनलाई कहाँ राखेका छौ?” तिनीहरूले**
**उहाँलाई भने, “प्रभु, आएर हेर्नुहोस्।” ३५** ***येशू रुनुभयो।*** **३६ यसकारण**
**यहूदीहरूले भने, “हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो।”**

पाप, खराब तत्व, दुष्टता आदि कुनै अवधारणा होइन र अरूसँगमात्र भएको स्थिति हो वा कसैले बदमाशी काम गरेकोले त्यो अवस्था सृजना भएको हो भन्ने कुरा बस्तुगत रुपमा बुझ्नुपर्छ। "यदि हामीमा पाप छैन, शुद्ध वा सद्दे छौं भनेर दावी गर्छौं भने हामीले हामी आफैलाई धोखा दिइरहेका हुन्छौं र त्यसले हामीमा सत्यता छैन भनेर प्रमाणित गर्दछ" (१ यूहन्ना १:८ रूपान्तरित)। बाइबलका अगमवक्ताहरूले बुझे अनुसार पाप भनेको कसैले कुनै "विधि" वा "नैतिक नीतिहरू" तोडेकोलेमात्र पापको जालोमा परेको होइन। तर परमेश्वर र उहाँका जनहरूसँग र एक आपसमा भएको सम्बन्ध टुक्रिनुपुग्दा र हामीहरूको अधर्म वा खराब आचरणले अरूलाई असर पार्ने वा दुःखित पार्नेभएकोले पापको प्रकोपले हामीलाई सताएको छ भनेर बाइबलका लेखकहरूले प्रस्तुत गरेका छन्। सानोरूपमा होस् वा ठूलो रूपमा होस् मानिसमा भएका बिसङ्गतिहरू पापकै परिणामले गर्दा भएको हो।

स्वार्थीपना वा आफ्नो भाऊमात्र खोज्ने प्रवृत्ति, लोभलालच, कठोर वा रिसाउने बानी, पूर्वाग्रह वा अरूलाई होच्याउने बानी, अज्ञानता र वेवास्ता गर्ने स्वभावको जड नै दुष्ट, अधर्मी, पापी, अन्याय, अत्याचारी, शोषण र गरिबपना हुन्। हामीले आत्मआलोचना गरेर हामीमा भएको पाप स्वभावलाई स्वीकार्न सक्नु नै पाप के हो भनेर सम्बोधन गर्ने प्रथम कदम हो, साथै हामीहरूको

हृदयमा परमेश्वरको प्रेमलाई ठिक तरिकाले जतन गरिराख्ने पहिलो कदम होः "८ यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। ९ यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।" (१ यूहन्ना १:८-१०)।

**तपाईंले आफैलाई हेर्नुहोस् (तर धेरै नजिकबाट पनि होइन न त धेरै समयसम्म)। तपाईंमा के स्वभावहरू छन् जुन टुक्रिएका छन् र तपाईं पनि ठूलो समस्याको भाग कसरी हुनुभएको छ? त्यसको केवल एउटै जवाफ के हो र त्यसको समाधानको निम्ति कसलाई मात्र हेर्ने हो?**

## ३. अनुग्रह र असल काम

**एफिसी २:८-१० पढ्नुहोस् र आफ्नै शैलीमा सारांश निकाल्नुहोस्। अनुग्रह र कामको बीचमा के सम्बन्ध छ भनेर ती पदहरूले तपाईंलाई के भन्छ? हेर्नुहोस्: "८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"**

यस संसारमा हामीलाई सृष्टि गरिनुका धेरै कारणहरू छन्। दुईटा कारणचाहीं परमेश्वरको आराधना गर्न र अरूको सेवा गर्न हो। पापबिनाको संसारमा ती कामहरू बुझ्न केवल कल्पनामात्र हुन सक्छ।

तर अहिले पापले गर्दा यो संसार धुजाधुजा भएको छ र पतित भएको छ। भाग्यवस, यस संसारका पापहरूका निम्ति येशूको बलिदानले गर्दा व्यक्त गरिएको परमेश्वरको अनुग्रहले हामी क्षमा पाउन र हामीहरूका चोटहरू निको हुने प्रावधानमा समावेश हुनसक्छौं। त्यसकारण हाम्रो टुक्रिएको अस्तित्वको बीचमा पनि हामी परमेश्वरको हातको शिप हुनसक्छौं। दुःखित, पिडित, क्षती भएको र घाइटे भएको अरूहरूको जीवनलाई निको पार्न र पुनर्स्थापना गर्न परमेश्वरले उहाँसँग सहभागी गराएर हामीलाई प्रयोग गर्न सक्नुहुन्छ (एफिसी २:१०)। "जसले पाएको छ त्यो अरूलाई पनि दिनुपर्छ। प्रत्येक क्षेत्र वा दिशाबाट सहयोगको निम्ति हामीसँग कराइरहेका छन्। मानव जगतलाई

खुशीसाथ सेवा गर्न परमेश्वरले उहाँका जनहरूलाई बोलाउनुभएको छ।"-एलेन जी ह्वाइट, द मिनिस्ट्री अभ हिलिङ्ग, पृ. १०३बाट रूपान्तरित।

तर त्यसको अर्थ यो होइन कि हामी गरिबको सेवा गर्छौं, पीडित र शोषित वर्गको उत्थान गर्छौं, भोकाएकाहरूलाई खान दिन्छौं ताकि हामीले ती पुण्य काम गरेर मुक्ति पाउँनेछौं वा परमेश्वरको स्यावासी पाउँनेछौं वा धर्मी हुनेछौं। हामी धर्मी हुनुका लागि गर्नेपर्ने सबै काम परमेश्वरको अगाडि निर्दोष भएर स्यावासी पाउनेलायकको काम येशूले नै हाम्रो निम्ति सम्पन्न गरिसक्नुभएको छ। त्यसलाई हामीले केवल विश्वासद्वारामात्रै ग्रहण गर्नुपर्छ। बरू, हामी पापीहरू हौं र पापको सिकार हौं भनेर त्यसलाई स्वीकार गर्दै परमेश्वरले प्रेम गर्नुभएको थियो र पापबाट उहाँले हामीलाई उद्धार गर्नुभएको थियो भन्ने आत्मज्ञानले हामी सुसज्जित हुनुपर्छ। हो, हामीले लोभ र स्वार्थसँग खेलिनै रहेका हुन्छौं, तर परमेश्वरको कोमल अनुग्रह र निस्वार्थ प्रेमले गर्दा नयाँखालका जीवन पाउन र आमूल परिवर्तित जीवन पाउने शुभअवसर हामी पाइरहेका हुन्छौं। जब हामी क्रुसमा हेर्छौं तब हामी प्रत्येकको निम्ति येशूले गर्नुभएको महान् र सम्पूर्ण त्यागलाई देख्न सक्छौं, अनि ख्रीष्टमा पाउने मुक्तिको उपहारमा हामीले केही पनि थप्न सक्दैनौं भनेर महसुस गर्छौं। तर त्यसको अर्थ यो होइन कि येशूमा हामीले पाएको उपहारको प्रत्युत्तरमा हामीले केही पनि गर्नुपर्दैन। बरु परमेश्वरले हामीलाई दिनुभएको उपहारको हामीले जवाफ दिनैपर्छ। उहाँले हामीलाई जे गर्नुभयो त्यसलाई हामीले कुन जिम्मेवारी सम्झेर ग्रहण गर्छौं। जसरी उहाँले हामीलाई प्रेम गर्नुभयो त्यसरी नै हामीले पनि अरूलाई प्रेम गरेर देखाउने जवाफ वा जिम्मेवारी भन्दा अरू के उत्तम होला र?

**देहायका पदहरू पढ्नुहोस्। क्रुसमा येशूले जे गर्नुभयो त्यसको जवाफमा हामीले गर्नुपर्ने के काम हो त्यसलाई ती पदहरूले प्रभावकारी रूपमा हामीहरूको ध्यान कसरी आकर्षण गर्दछ? हेर्नुहोस्: "१३ भाइ हो, संसारले तिमीहरूलाई घृणा गर्दा अचम्म नमान। १४ हामी जान्दछौं, कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौं, किनभने हामी आफ्ना दाजुभाइहरूलाई प्रेम गर्छौं। जसले प्रेम गर्दैन, त्यो मृत्युमा रहिरहन्छ। १५ आफ्नो दाजुभाइलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ। *१६ यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना***

*दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ?* **१८ साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं। १९ यसैबाट हामी जान्न सक्छौं कि हामी सत्यका हौं, र यसरी उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाड्स दिन सक्छौं। २० जब हाम्रो हृदयले हामीलाई दोष दिन्छ, हामी जान्दछौं परमेश्वर हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र उहाँले सब थोक जान्नुहुन्छ।" (१ यूहन्ना ३:१३-२०)।**

## ४. हाम्रो साझा मानव समाज

येशूको सेवाकार्य र शिक्षा तत्कालीन धर्मका अगुवाहरूको निम्ति चुनौतिपूर्ण थियो। ती धर्मगुरुहरूले आफूहरू अरूभन्दा चोखो छौं भनेर देखाउन फरक खालको वस्त्र लगाएर समाजबाट अलग बस्दथे। तर सबै जना जो जो येशूको शिक्षादीक्षा लिन आए वा सुन्न आए तिनीहरूले इमान्दारिताका साथ उहाँका वचनहरूमा ध्यान दिंदथे। उहाँकहाँ आउने मानिसहरू समाजका विभिन्न वर्गका मानिसहरू थिए: इज्जत गुमाएका महिलाहरू, कतिपय मानिसले छिछिदुरदुर गरिएका, कर उठाउने मानिसहरू, अघोरी कुष्ट रोगीहरू, पानी नचल्ने वा अछुत भनेर यहूदी समाजबाट बहिष्कृत सामरीहरू, रोमी सिपाहीँका हाकिमहरू (जो प्रायजसो गोरा जातका थिए), धार्मिक अगुवाहरू र बालबालिकाहरू। उहाँकहाँ जो आएपनि उहाँले खुलादिलले सबैलाई स्वागत गर्नुहुन्थ्यो। जो आएतापनि आफूलाई येशूले मनपराउनुभएको छ भन्ने कुरा तिनीहरूले महसुस गर्दथे। सुरूका चर्चका विश्वासीहरूले परमेश्वरप्रति आस्था हुनुभनेको धर्मको खोल ओद्नु होइन तर परिवर्तित जीवनबाट आफूहरूले मुक्तिको उपहार पाएको हुनुपर्छ भन्ने कुरा पत्ता लगाएका थिए।

जब सुरूका विश्वासीहरूले समाजका सबै वर्गहरूलाई सामेल गर्नुपर्ने कुराको महसुस गरेका थिए तब तिनीहरूले असल काम केवल विश्वासले गर्दा भएको हो भन्ने देखाएका थिएनन। तर असल काम सुसमाचारको केन्द्रविन्दु भनेर तिनीहरूले बुझ्न पुगेका थिए। येशूकै जीवन, सेवाकार्य र मृत्युले मानिसको सर्वोच्च हितको निम्ति उहाँका भक्तहरू प्रयत्नशील कुरा देखाइएको थियो। जब चर्चमा विभिन्न विषयहरू तथा पावल र पत्रुसकोबारे लिएर बादबिवाद र प्रश्नहरू उठे (उदाहरणमा प्रेरित १०:९-२०) तब यरुशलेममा परिष्द खडा गरेर ती विषयबस्तुहरूलाई सम्बोधन गरेका थिए (प्रेरित १५)।

त्यसबेला विधिहरूको विषयमा बादबिवाद गर्नुभन्दा पनि तिनीहरूको जीवनमा सुसमाचारले कस्तो नाटकीय परिवर्तन ल्यायो जसले गर्दा परमेश्वरको प्रेमलाई बुझ्न सकियो र त्यो प्रेममा सबैलाई समेटिएको निष्कर्ष निकालिएको थियो। उहाँलाई पछ्याउँछु भनेर मुखलेमात्र होइन जीवनशैलीबाटै जनसमक्ष कुरामा त्यस बेलाका विश्वासीहरूले जिकिर गरेका थिए।

**हामी सबैमा साझा मानवता छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? जब यी पदहरू हामी पढ्छौं तब अरूप्रतिको हाम्रो सोचबिचारमा कस्तो प्रभाव पर्छ?**

मलाकी २:१० "हामी सबैका एउटै पिता हुनुहुन्न र? के एउटै परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको होइन र? त किन हामी एउटाले अर्काको विश्वास भङ्ग गरेर हाम्रा पिता-पुर्खाको करारलाई बिटुलो पार्छौं?" प्रेरित १७:२४-२८ " २४ "परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, २५ उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। २६ उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, २७ तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न। २८ किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।' रोमी ३:२१-२६ " २१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई

**उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो। गलाती ३:२६-२९ " २६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"**

यथार्थमा भन्ने हो भने गलाती ३:लाई असल सामरीको अर्तीकथालाई प्रतिबिम्बित गर्ने धार्मिक शिद्धान्त वा शिक्षाको सारांश भनेपनि हुन्छ। कसले कसलाई सेवा गर्नु हाम्रो कर्तव्य हो भनेर वादविवाद नगरि हाम्रो काम सबैको सेवा गर्ने हुनुपर्छ। हामीबाट सेवा गर्ने अपेक्षा नगरिएकाहरूको पनि सेवा गर्ने वा हामीलाई वास्ता नगर्नेहरूको पनि सेवा गर्नु येशूभक्तको जीवनशैली हुनुपर्छ। जब सुसमाचारले सबै वर्ग, देशीबिदेशी विश्वासीहरूलाई एकै थलोमा ल्याउँछ तब मानिसहरूलाई सुसमाचारद्वारा एउटै परिवार भएको उच्च सोचको महसुस हुन्छ। परमेश्वरको मुक्तिदिने प्रेमलाई आत्मसात् गरेर उहाँमा हामी एक हौं भन्ने आत्मज्ञानमा चल्न हामीलाई आह्वान गरिन्छः " १२ जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १३ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं– यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। १४ किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ।" (१ कोरिन्थी १२:१२-१४) र " २७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू, र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ। २९ के सबै प्रेरितहरू हुन्? के सबै अगमवक्ता हुन्? के सबै शिक्षक हुन्? के सबै आश्चर्यकर्म गर्नेहरू हुन्? ३० के सबैसँग निको पार्ने वरदानहरू हुन्छन्? के सबैले विभिन्न भाषा बोल्दछन्? के सबैले अर्थ खोल्न सक्छन् र?" (१ कोरिन्थी १२:२७-३०)।

## ५. अनन्तको सुसमाचार

मानिसको जीवनलाई आमूल परिवर्तन गर्न र सुसमाचारलाई ग्रहण गर्न आग्रह गर्ने सन्देश सारा इसाई इतिहासभरि फैलिरहेको छ। "प्रत्येक राष्ट्र, जाति, भाषा र मानिसले परमेश्वरको आराधना गर्न" (प्रकाश १४:६) गरिएको आह्वान स्वर्गदूतमार्फत वा परमेश्वरका दूतहरू अर्थात् ती विश्वासीहरू जसले उहाँलाई स्वीकार्दछन् जो संसारमा फैलिरहको छ। प्रकाशको पुस्तकमा सुसमाचार प्रचार गरिनुपर्ने आह्वानलाई नयाँ मोड दिइएको छ। येशूले दिनुहुने सुसमाचार युगको अन्तमा केवल मुक्तिको सन्देशमात्र होइन त्यसमा अरू के के समावेश भएकाहुन्छन् भनेर प्रकाशको पुस्तकले खुलासा गरेको छ।

**यूहन्ना ३:१६मा येशूले सारा सुसमाचारको सारांश वा (एडभेन्टिस्ट चर्चको मूर्धन्य वा प्रख्यात प्रचारक एचएमएस रिचार्डले यस पदलाई सम्पूर्ण बाइबलको सार भनेर सम्बोधन गर्नुभएको थियो) वा सबैले बुझे अनुसार सुसमाचारको मुटु यसरी प्रस्तुत गर्नुभएको छ "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" अब यही सन्देशमा प्रकाश १४:६ र विशेष गरेर ७मा स्वर्गदूतले के विशेष तत्व समावेश गरेका थिए? हेर्नुहोस्: "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

बाइबलका कथाहरूभरि दुष्टता, गरिबी र थिचोमिचो गर्ने मानिसको तीन प्रवृत्तिप्रति परमेश्वरको चासो वा सरोकार प्रकाश १४:७मा ल्याइएको छः **न्याय-** मानव इतिहासभरि मानिसलाई शोषण गर्ने र थिचोमिचो गर्नेहरूको न्याय गर्न र न्याय गरिने आह्वान बाइबलभरि घन्काइएको छ। भाग्यवस थिचोमिचो, सङ्कटमा परेका मानिसहरूको क्रन्दनहरू परमेश्वरले सुन्नुहुन्छ भनेर बाइबलमा चित्रण गरिएको छ। अत्याचारी वा शोषकहरूको निम्ति न्यायको निर्णय डरलाग्दो होला तर अन्यायपूर्वक थिचोमिचो वा कष्टमा परेकाहरूको निम्ति परमेश्वरको न्याय खुशीको खबर हुनेछ भनेर भजनसँग्रहमा बारम्बार उल्लेख गरिएको छ। **आराधनाः** परमेश्वरका जनहरू भनेर दावी गर्ने, अनेकौं विधिविधान मानेर परमेश्वरको आराधना वा पूजा पाठ गर्ने साथै असल

कामहरू पनि गरेर देखाउने तर तिनीहरूको निरन्तर गलत काम गर्ने प्रवृत्तिप्रति परमेश्वरले दिक्क मान्नुभएको कुरा बाइबलमा जताततै छरिएको छ। यस सन्दर्भमा यशैया ५८ उल्लेखनीय अध्याय हो। "तिमीहरूको धर्मकर्म होइन तर आवश्यक परेकाहरूको र गरिबमाथिको दया र स्याहार म चाहन्छु" भनेर परमेश्वरले खोल्नुभएको कुरा यशैयामा यसरी व्यक्त गरिएको छः "६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, 'म यहीँ छु'। "यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्यागयौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ। १३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो

भन्नुभएको छ।" (यशैया ५८:६-१४)। **सृष्टि**-जब न्यायको निम्ति परमेश्वरले आह्वान गर्नुहुन्छ तब कुन आधारमा गर्नुहुन्छ भनेर हामीले अगाडि हेऱ्यौं। संक्षेप्तमाः सारा मानव परिवार वा जाति एउटै मानव परिवारबाट उत्पन्न भएको हो। हामी सबै जना चाहे पुरुष होउन् वा स्त्री परमेश्वरको स्वरुमा सृष्टिभएका हौं अर्थात् प्रत्येक मानव प्राणीमा परमेश्वरको छाप छ। उहाले सबैलाई प्रेम गर्नुहुन्छ। उहाँको अगाडि हामी सबै जना मूल्यवान छौं (त्यसैकारण उहाँले आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो ताकि हामी पनि उहाँले पाउनुपर्ने प्रेममा सहभागि हुनसकौं)। अरूको मोलमा धनी हुन वा सम्पन्न हुन कसैले कसैलाई थिचोमिचो वा शोषण गर्ने अधिकार दिइएको छैन। अन्याय गरेर आफ्नो भाऊ खोज्नेप्रवृत्ति परमेश्वरको निम्ति अमान्य छ। त्यसले गर्दा येशूको सन्देश केवल मुक्तिकोमात्र होइन तर त्यसको सन्देश फराकिलो छ भनेर हामीले स्वीकार्नुपर्दछ। सारा पतित मानिसको पापबाट उद्धार, अनेकौं बन्धनबाट मुक्ति र पीडितहरूको पुनर्स्थापना गर्ने परमेश्वरको चाहना हो भनेर प्रत्येक येशूका अनुयायीहरूले विश्वास गर्नुपर्छ र त्यसै अनुसार चल्न तिनीहरूलाई चुनौति दिइएको छ। त्यसै परिप्रेक्ष्यमा, सत्य र असत्य आराधना गर्ने र सतावटको बीचमा पनि परमेश्वरका एक समूह विश्वासीहरू उहाँले खडा गर्नुहुन्छ जो सत्यताको निम्ति जुनसुकै मोल चुकाउनु परेतापनि उहाँको निम्ति अडिग भएर बस्नेछन्। दुष्टताको चर्को परिस्थितिमा तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्नेछन् र येशूमा भएको विश्वास तिनीहरूमा पनि हुनेछ। "८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका

आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास (वा येशूको विश्वास) राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" (प्रकाश १४:८-१२)।

**अभावमा परेकाहरूको सेवा गर्ने क्रममा तिनीहरूलाई तीन स्वर्गदूतका सन्देशहरूमा भएका आशा र चेतावनी पनि कसरी सुनाउने?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित *द डिजाएर अभ एजेज,* पृ. १९-२६को "गड विथ अस" र *द मिनिस्त्री अभ हिलिङ्ग* पृ. ९५-१०७को "सेभ्ड टु सर्भ।"

"सारा पृथ्वी आफ्नो बगैंचा हो भनेर परमेश्वरले दावी गर्नुहुन्छ। अहिले विद्रोही शैतानको हातमा भएको जस्तै देखिएतापनि यो पृथ्वीको स्वामी परमेश्वर नै हो। सृष्टिको सिलसिलामा र उद्धार कार्यको सिलसिलामा यो पृथ्वी उहाँको हो। संसारकै निम्ति येशू बलि हुनुभएको थियो। "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो।" यूहन्ना ३:१६। त्यही एक उपहारद्वारा मानिसहरूलाई अरू प्रत्येक उपहार वा बरदानहरू उपलब्ध गराइएको छ। प्रत्येक दिन सारा संसारले परमेश्वरबाट आशिष पाउँदछ। परमेश्वरलाई धन्यवाद नदिने वा उहाँप्रति आभारी नहुने मानिस जातिलाई दिइएको पानीको प्रत्येक थोपा, घामको प्रत्येक चमक, प्रत्येक पात र फलले परमेश्वरको महान् प्रेम र अत्यन्तै सहनसिलता र शहिष्णुताको गवाही दिन्छ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ३०१,३०२बाट रूपान्तरित। "येशू ख्रीष्टमा न त यहूदी वा अयहूदी वा अन्य जाति, न त कमारा न त फुक्का हुन्छ। सबै जनालाई उहाँको अमूल्य रगतले किनेर परमेश्वरको नजिक ल्याइएको छ।" (गलाती ३:२८, एफिसी २:१३)।

"धर्म वा सम्प्रदायको नाउँमा मानिसहरू जुनसुकैरूपमा विभाजित भएतापनि कष्ट र पीडमा परिरहेका मानव प्राणीको क्रन्दन सुन्न आह्वान गरिएको छ।...हामीहरूको वरिपरि गरिब, बिपन्न वर्गहरू छन्, कष्टमा चित्कार गरिरहेका मानिसहरूलाई सहानुभूति र सहयोगी शब्दहरूको खाँचो छ। विधुवाहरू छन् जसलाई सहानुभूति र सहयोगको आवश्यकता हुन्छ। परमेश्वरले येशूका अनुयायीहरूलाई जिम्मा लगाइदिएका टुहुराहरू छन् जसको हेरचाह गर्न आवश्यक हुन्छ। कतिपय समयमा मानिसहरूले तिनीहरूलाई वेवास्ता गरिरहेका हुन्छन्। तिनीहरू झुत्रेझाम्रे, खस्रो,रुखो, हेर्दा हेर्नै मननपर्ने खालका टुहुरा बाल बालिकाहरू होलान्। तैपनि तिनीहरू परमेश्वरका सम्पत्ति

हुन्। तिनीहरूलाई मोल तिरेर किन्नुभएको हो र हामीहरू जस्तै उहाँको अगाडि तिनीहरू पनि अमूल्य छन्। तिनीहरू परमेश्वरका ठूलो घरपरिवारका सदस्यहरू हुन्, र इसाईहरूलाई सकेसम्म तिनीहरूको हेरचाह गर्न र जतन गर्न जिम्मा लगाइएको छ।"-एलेन जी ह्वाइट, काइस्ट अबजेक्ट लेशनस, पृ. ३८६,३८७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) **असल काम गर्ने कार्यमा र अरूलाई सहयोग गर्ने प्रयासमा असल काम गरेर परमेश्वरको अगाडि धर्मी हुने, हाम्रो मुक्तिको काममा सहयोग हुने र अरूभन्दा असल ठहरिने सोचबाट हामी कसरी जोगिने?**

आ) **के तपाईंको चर्चमा विश्वासीहरूको बीचमा केही भेदभाव छैन? र ख्रीष्टको सामु सबै एक हुनु हुन्छ? येशूमा हामी सबै एकै समान छौं भनेर अझ झन कसरी देखाउने? तपाईं जस्तै विश्वास नगर्ने अरूहरूप्रति तपाईंको धारणा कस्तो छ?**

इ) **अभावमा परेकाहरूलाई सहयोग गर्ने क्रममा सुसमाचार पनि सुनाउनुपर्ने जिम्मेवारी हामीले बोकेका हुन्छौं। तर जे सेवा हामी गर्छौं त्यो कसैलाई विश्वासमा ल्याउन होइन तर मानवताको भावनाले अभिप्रेरित भएर हो भनेर देखाउनुभएतापनि कसैको पूर्वाग्रहबाट जोगिन येशूको प्रेमलाई कसरी देखाउने?**

**सारांश:** परमेश्वरको प्रेम येशूको जीवन र मृत्युले मुक्तिको योजनालाई छर्लङ्ग पारेको छ। येशूको बलिदानले हाम्रो पापबाट हामी क्षमा पाउँछौं, नयाँ जीवन र आशा पाउँछौं। त्यो मुक्तिको उपहारको उपभोग हामीले गर्न पाएकोमा हामी खुशी त छौं तर त्यो खुशी व्यक्त गर्न कोठामामात्र बसेर वा चर्चमामात्र प्रवचन दिएर होइन अरूलाई पनि सुनाउन हामी अग्रसर हुनुपर्छ। हामी जे गर्छौं त्यो हामीले मुक्ति पाउन होइन तर हामीलाई परमेश्वरले नै सृष्टि गर्नुभएको हो र उहाँले फेरि पनि हामीलाई नयाँ जीवन दिनुभएको हो भनेर देखाउन हामी अरूको सेवाकार्यमा सक्रिय हुन्छौं। जब हामी सुसमाचारलाई ग्रहण गर्छौं र त्यसमा सहभागि हुन्छौं तब हामीहरूको सम्बन्धमा आमूल मौलिक परिवर्तन आउँछ र अरूको सेवा गर्न अग्रसर हुन्छौं। विशेष गरेर समाजका पिछडिएको, पीडित, बिपन्न, तिरस्कृत, हेपिएका, शोषित आदि वर्गको सेवा गर्न येशूभक्तहरू प्रगतिशिल हुनुपर्छ भनेर आह्वान गरिएको छ।

## कथा १०
## परमेश्वरको निम्ति गुन्डा
## जेसन रोजरस्, ३६, न्यु जिलाण्ड २३

---

१२ वर्षको जेसन रोजरसले एक रात नचिनेको परमेश्वरलाई रोइ रोइ सम्बोधन गरेको थियो। "मैले यसो किन र कसरी गरें, मलाई थाहा छैन। त्यस अन्धकार रातमा मलाई अत्यन्तै एक्लोपनको महसुस भयो। म सिरानमा टाउको राखेर धुरुधुरु रोइरहेको थिएँ।

नौजना दाजुदिदीहरूमा जेसन सबभन्दा कान्छो थियो। न्युजिलाण्डको उत्तरी भागमा ऊ आफ्ना काकाकाकीहरूसँग बस्दथ्यो। त्यसैबेला परमेश्वरले उसको जीवनमा हस्तक्षेप गरुन् भनेर नचिने पनि परमेश्वरलाई एक रात रोएर प्रार्थना गरेको थियो।

उसलाई बाबुआमाले कजाउन सकेका थिएन। ऊ अत्यन्तै बदमाश भएकोले उसलाई स्कूलबाट निकालिदिएको थियो। सानै उमेर भएतापनि उसले घरघरमा गएर चोर्न थाल्यो र कारहरू पनि चोर्न थाल्यो। जब कि ऊ १० वर्षको हुँदा नै उसले कमाएको पैसाले पहिलो पल्ट कार किन्यो। बाबुले घर बनाउने ठाउँमा उसले सहयोग गरेकोले अलिकति पैसा पनि पाएको थियो। त्यो कार केवल "खिया लागेको बाल्टिन्" भनेर उसले भन्यो। तर त्यो कार केवल लाइसेन्स प्लेटको निम्तिमात्र किनेको थियो। २-४ वर्षभित्रमै उसले चोरेको नौवटा कारहरूमा उसले त्यो प्लेट झुन्ड्याएको थियो।

उसले प्रार्थना गरेको रातमै त्यसको जवाफ उसले पाएको थिएन। एक वर्षपछि उसका बाबुआमा आएर उसलाई न्युजिलाण्डको राजधानी ओकलाण्डमा आफ्ना घरमा फर्काएर लगे।

जेसन झन झन अपराधी काममा फस्न थाल्यो। जब ऊ १५ वर्षको भयो तब उसले पहिलोपल्ट गाँजाको बोट चोर्‍यो। आफ्ना बाबुआमाको घरबाट निस्केर आफ्नी केटी साथी क्रिस्टलको घरमा सर्‍यो। सडकका गुण्डाहरूसँग उसको संगत भयो र धेरै वर्षसम्म गाँजा खेती गरेरै जिविका चलायो। पछि अत्यन्तै कडा मेथ भन्ने लागुपदार्थको दुर्व्यसनीमा ऊ फस्यो। त्यही कुलतमा लागेर र त्यसको बेचबिखन गरेर ११ वर्षसम्म जिविका चलायो।

"म गुण्डाहरूसँग गहिरिएर सम्बन्ध गाँस्न पुगें साथै माफियाहरूसँग पनि संगत हुन थाल्यो। घर फोर्ने, अपहरण र जबरजस्ती चन्दा असुलन गर्ने

काममा लागें। मेरो झुण्डमा तिन जना भान्सेहरू थिए भने सामनहरू बेच्ने चार जना मानिसहरू थिए" उसले आफ्नो विगतको कथा सुनाउँदै भन्यो। ऊ थुप्रो पैसा पनि बोक्थ्यो। हरेक  दुई तिनदिनमा उसले १०,००० न्युजिलाण्ड डलर अर्था अमेरिकन ७,००० डलर मेथ लागु पदार्थ बेचेर कमाउँथ्यो।

अनि एकदिन आन्ड्रयु नाउँ गरेको मानिसले सार्वनजनिक पौडी खेल्ने ठाउँमा उसकहाँ आएर सित्तैंमा बक्सिङ्ग खेल्ने क्लास लिन आउन निम्तो दियो। जेसनले तुरन्तै सहमति जनायो। उसले चाहेको थियो कि बक्सिङ्ग खेल्न सिकेपछि सडकमा अरूसँग झन कुस्ती खेल्न र अरूलाई कुटपिट गर्न सकिनेछ।

गुण्डाहरू खेल्ने खेलाडी हलमा अरू गुण्डाहरूसँग जेसन सामेल भयो। आन्ड्रयुले उसलाई एक घन्टासम्म पसिना नै पसिना आउने गरि व्यायाम गरायो। अनि उसको अगाडि बाइबलहरू ल्याएर टेबुलमा राख्दै भन्यो, "अब हामी पहिला टेबुल वरिपरि बसौं र एक आपसमा हाम्रो कुरा बाँडौं।" आन्ड्रयुको मनमा बिजुलीले झट्का दिए जस्तो लाग्यो र तुरन्तै त्यहाँबाट भाग्न खोज्यो। तर केही कारणबस त्यहीं बसिरह्यो। जब आन्ड्रयुले आधा घन्टा परमेश्वरको बारेमा चर्चा गर्‍यो तब जेसनको दिमागमा परमेश्वरको बिरुद्धमा भाँडभैलो भयो। उसले सोच्यो, "परमेश्वर को हो र? मेरो संसारको भगवान मै हुँ। मसँग कर्मचारीहरू छन्। मेरो आफ्नै व्यापार छ। मलाई सबैले सम्मान गर्छन्। मेरो आफ्नै प्रतिष्ठा छ। म आफै भगवान हुँ।"

जब आन्ड्रयुले मत्ती ६:१९-२१पदहरू पढ्यो तब जेसन आफ्नो बास्तविक संसारमा फर्क्यो, "१९ “आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। २० तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन।  २१ किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीं तिम्रो मन पनि हुन्छ।"

बल्ल जेसनको दिमागमा घाम लाग्यो। उसका सबै गरगहनाहरू स्वर्गमा कसरी थुपार्ने-खियैखिया लागेको जीवनबाट र चोरैचोरहरूको माझमा रहेर स्वर्गमा धन थुपारिन्छ र? *हप्ताभरि नै त्यस कुराको बारेमा उसले चिन्तन गरिनै रह्यो। उसले कुस्ती खेल्ने नियमित कक्षाहरू पनि छोडेन। अनि केही समयमा नै आन्ड्रयुले कक्षामा सहयोग गर्न जेसनसँग अनुरोध गर्‍यो। उसलाई अचम्म लाग्यो तर खुशी भएर स्वीकार गर्‍यो। तर योग्य कुस्ती शिक्षक*

*आन्ड्रयुले प्राथमिक उपचार तालिममा भाग लिनुपर्थ्यो। त्यो तालिम आन्ड्रयुको पापाटोटो सेभेन्थ डे एडभेन्टिस्ट चर्चमा संचालन हुन्थ्यो।*

चर्चमै प्राथमिक उपचार सिक्ने क्रममा परमेश्वरप्रतिको भक्ति पनि जेसनमा जागेर आउन थाल्यो। अनि बिस्तारै उसले आफ्नी केटीसाथी क्रिस्टल र सातजना छोराछोरीहरूसँग साबथको सेवाकार्यमा भाग लिन थाल्यो। ऊ क्रिस्टलसँग २१ वर्ष विवाह नै नगरि बसेको थियो। प्रभुलाई विश्वास गर्न थालेपछि क्रिस्टलसँग विधिपूर्वक विवाह गर्ने प्रस्ताव जेसनले राख्यो। अनि चर्चले सबभन्दा ठूलो बप्तिस्मा कार्यक्रम राख्यो। जेसन, उनकी श्रीमती र तिनीहरूका पाँच जना छोराछोरीहरूले एकै साबथमा बप्तिस्मा लिए। अनि त्यही साबथमा दुई साना बालबालिकाहरूलाई येशूमा पनि गरे।

तिन वर्षभित्र आफ्नो जीवनमा आमूल परिवर्तन आएको कुरा वर्ष ३६को जेसनले सुनायो।

"अब हामीले छ फुट अल्गो पर्खाल भित्र बस्नु परेन। आफ्नो सुरक्षको निम्ति ठूला ठूला लठ्ठीहरू घरको अगाडि झुन्डयाउनु परेन, बन्दुकहरू पनि राख्नु परेन र विभिन्न धारिला चक्कुहरू भएको औजार पनि राख्नु परेन। हामी अब सानो सेतो पर्खाल भएको घरभित्र बस्दछौं र म मेरो आफ्नै काम गर्ने व्यवसायमा छु" अत्यन्तै ढुक्क भएर जेसनले यी लेखकलाई सुनाउँछ। किकबक्सिङ्ग क्लासमा जेसनले अहिले पनि सह सिक्षक भएर सहयोग गरिरहेको छ। उसको अग्रसरतामा अरू छ जनाले प्रभु येशूलाई विश्वास गरे र बप्तिस्मा पनि लिए। आफ्ना आमाबाबुको बारेमा जब ऊ सम्झन्छ तब उसका आँखाहरूबाट आँशु खस्छ।

ओकलाण्डमा खाना खाँदै अन्तवार्ता दिइरहेको बेलामा उसले यो कुरा बतायो कि प, "मेरी चिन्तित आमाले मलाई दिनदिनै फोन गर्थीन्। मेरो कुरुप स्वभावको उनी प्रत्यक्षदर्शी थिइन्। येशूलाई विश्वास गरें भनेर उनले थाहा पाएपछि उनले मलाई फोन गर्न छोडिन्। सायद त्यो असलै होला भनि म ठान्दछु।" आफ्ना बाबु र आमा र अरूलाई पनि जीवन परिवर्तन गर्ने येशूलाई चिनाउने आशा बोकेर जेसन अहिले बाँचिरहेको छ। "म अहिले शान्तिपूर्वक जिइरहेको छु। अहिलेको जीवनलाई म अरू कुनैमा परिवर्तन गर्नेछैन।म परमेश्वरको भक्त हुँ अहिले। परमेश्वरले चाहे जत्तिक्कै उहाँको बचन म बाँड्न चाहन्छु" आफ्नो प्रतिवद्धता जेसनले बतायो।

*-आन्ड्रयु मेकचेस्नी*